**चेकलिष्टमा उल्लेख भएको विषय सम्बन्धमा यहाँको धारणा के छ कृपया उल्लेख गरिदिनुहोला ।**

## चेकलिष्ट

| सि. नं. | विषय | (✓) चिन्ह लगाउनुहोस् | |
|---|---|---|---|
| | | मिल्छ | मिल्दैन |
| १. | एउटा ठेक्कामा पर्न आएको बोलपत्रहरुमा दुई वटा फर्मको सम्पूर्ण अधिकार एउटै व्यक्तिलाई दिएका पठाईएको उक्त बोलपत्रहरुलाई मूल्याङ्कनमा समावेश गर्न मिल्ने कि नमिल्ने ? | | |
| २. | Bid Document मा फर्म Qualified हुन net worth positive हुनुपर्ने criteria भएकोमा sole entity को net worth negative तर उक्त फर्मले उपरोक्त आ.ब.हरुमा अन्य साझेदार फर्मसंग JV गर्दाको audited balance sheet समेत पेश गरेकोले उक्त JV net worth लाई मूल्याङ्कनमा समावेश गर्न सकिने वा नसकिने | | |
| ३. | टेण्डर दाखिला गर्ने अन्तिम म्याद मिति ०७२।१२।१३ गते दिनको १२ बजे र टेण्डर खुला गर्ने समय ०७२।१२।१३ गते दिनको १३:०० बजे राखिएकोमा E-Bidding तर्फ उक्त समयमा सो ठेक्कामा कुनै Bid Response गरेको नदेखिएको तर कुन्सालिङ कन्स्ट्रक्सन प्रा.लि. ले e-Bid गरेको Complain दावि गरे पछि सोही दिन साँझ पुनः www.bolpatra.gov.npLog on गरी हेर्दा सो कम्पनीको नाममा Bid Response भएको देखिएकोले मूल्याङ्कन प्रकृयामा समावेश गर्न मिल्ने वा नमिल्ने | | |
| ४. | बोलपत्र आव्हान गरिएकोमा श्री मनास्लु ट्रेडिङ्ग कर्न्सन मनमैजु ३ काठमाण्डौले बोलपत्रमा माग गरिएको मध्ये चार वटा प्याकेजको लागि बोलपत्र पेश गरेको र बोलपत्र जमानत बापतको रकम चारवटै प्याकेजको एकमूष्ट बैंक जमानत पेश गरेको हुनाले उक्त बैंक जमानत मान्य हुने वा नहुने । | | |
| ५. | अंक र अक्षरमा दररेट भरेको फरक परेमा अक्षरलाई मान्यता दिईनेछ भनिएको हुँदा रेखा निर्माण सेवाले दर्ता गरेको ठेक्का नं. ०२।२०७२।०७२ र ठेक्का नं.०३।२०७२।०७२ को BoQ मा दररेट अंकमा मात्र लेखिएको हुनाले उक्तानुसारको ठेक्का बदर गरी पाउँ भनी शाही कन्स्ट्रक्सन सर्भिसको निवेदन प्राप्त हुन आएको सन्दर्भमा रेखा निर्माण सेवाले ठेक्का नं. ०२।२०७२।०७२ र ठेक्का नं.०३।२०७२।०७२ को BoQ मा दररेट अंकमा मात्र लेखिएको ठेक्का मूल्याङ्कन प्रकृयामा समावेश गर्न मिल्ने वा नमिल्ने ? | | |
| ६. | मेसिन, औजार (कम्प्यूटर, फयाक्स , ल्यापटप, प्रिन्टर लगायतको खरिदमा सार्वजनिक खरिद नियमावलीको नियम ६१(६) बमोजिम बोलपत्र सम्बन्धी कागजात अनुसार माग गरिएको गत ३ वर्षको Average annual turnover गणना प्रयोजनको लागि नेपाल राष्ट्र बैंकको अध्धावधिक मूल्य सूचकांक अनुसार कारोवार मूल्य समायोजन गर्न मिल्ने नमिल्ने ? | | |

| | | | |
|---|---|---|---|
| ७. | बोलपत्र आव्हानको सूचना मिति २०७१/३/४ तदनुसार १८ जुन २०१४ मा प्रकाशित भएको । सूचना प्रकाशित हुनु भन्दा अगाडिको मिति (१४ जुन २०१४) मा नै जारी भएको बोलपत्र जमानत र १५ जुन २०१४ मा जे भि. सम्झौता भएको अवस्थाको बोलपत्रलाई मान्यता दिन मिल्ने वा नमिल्ने ? | | |
| ८. | E-Submission मा दुई वटा टेण्डर Submit भएकोमा Dragon Construction Pvt.Ltd ले पेश गरेको BOQ with rate amount and total amount नाममा दुई वटा File upload देखिएको र Download गर्दा एउटा File को 0 byte अर्को File को 4.12Mb देखिएको तर खोल्दा File नखुली The File is damaged and could not be repaired देखा परेको अवस्थामा उक्त फर्मले हार्डकपी पेश गरेको हुँदा मूल्यांकन प्रकृयामा समावेश गर्ने वा नगर्ने | | |
| ९. | खरिद सम्झौता अवधि २ बर्षको रहेको र सो सम्झौतामा Price Adjustment Not Applicable भनी उल्लेख भएको तर हाल मुल्य समायोजन माग भएकोमा दिन मिल्ने कि मिल्दैन ? | | |
| १०. | खरिद सम्झौता अवधि २ बर्षको रहेको र सो सम्झौतामा Price Adjustment Not Applicable भनी उल्लेख भएको तर हाल मुल्य समायोजन माग भएकोमा दिन मिल्ने कि मिल्दैन ? | | |